म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३०१ बुधबार ३१ जेठ २०८० ने. सं. ११४३ तछलागा 14 June 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३ नम्बर वडामा 'ग्रेटर नेपाल'को नक्सा

हेटौंडा, ३० जेठ/मकवानपुरको थाहा नगरपालिका वडा नं. ३ को कार्यालयमा ग्रेटर नेपालको नक्सा राखिएको छ । वडाध्यक्ष हिरेन्द्रकुमार रायमाझीले ग्रेटर नेपालको नक्सा राखेका हुन् । भारतले इतिहासमा कतै नभएको नेपालको रुपन्देही कपिलवस्तु राखेर नक्सा बनाउँदा नेपालमा कोही कसैले बोल्ने आँट नगरेकाले जनस्तरबाट सन्देश दिन आफूले यसो गरेको रायमाझीले बताए । 'यथार्थलाई झल्काउन खाजेको हुँ, यो हाम्रो पुरानो सांस्कृतिक नक्सा हो' उनले भने, 'हाम्रो इतिहास बोकेको नक्सा हो, यस्तो गौरवपूर्ण इतिहास नयाँ पिँढीलाई जानकारी दिन पनि आवश्यक हुन्छ भनेर मेरो सोच आयो', रायमाझीले भने । साथै, खेती किसानीको बाहुल्यता रहेको थाहानगरको पहिचान झल्काउने किसानहरुको फोटो पनि सँगै राखेका छन् भने थाहा अभियानका प्रणेता रुपचन्द्र विष्टको समेत तस्विर राखेको अध्यक्ष रायमाझीले बताए ।

# मयुरधाप औद्योगिक क्षेत्रको गाँठो फुक्दै

भानुभक्त आचार्य

हेटौंडा, ३० जेठ/ औद्योगिक नगरीका रुपमा परिचित हेटौंडा उपमहानगरभित्र मयुरधाप औद्योगिक क्षेत्रको स्थापना योजना वर्षौं अगाडिको हो ।

क्षेत्रफलका दृष्टिकोणले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा जग्गा अभाव हुन थालेपछि सरकारले मयुरधाप औद्योगिक क्षेत्रको योजना अगाडि बढाएको थियो । तर, मयुर धाप औद्योगिक क्षेत्र शिलान्यासमै सीमित छ । अब भने वर्षौंदेखि अलपत्र मयुरधाप औद्योगिक निर्माणको गाँठो फुक्ने संकेत देखिएको छ । हेटौंडा उपमहानगरपालिका-१४, स्थित मयुरधापमा वर्षौंदेखि चुरेको जंगल हुँदै खहरे बग्ने गरेको छ । मयुरधाप औद्योगिक क्षेत्र पर्सा राष्ट्रिय निकुञ्जको वफरजन क्षेत्रभित्र पर्छ ।



चुरेको खहरेले धार परिवर्तन गरेसँगै मयुरधापमा ठूलो क्षेत्रफल खाली जमिनका रुपमा बसेको थियो । बुट्यानले ढाकेका जमिनमा ठूला रुख छैनन् । उक्त जग्गा समथर छ । उक्त क्षेत्रमा कुल ५० प्रजातिका चराचुरुंगी तथा १३ प्रजातिका घस्रने जीवजन्तु पाइन्छ । यहाँ पाइनेमध्ये १४ प्रजातिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जोखिम वर्गमा सूचीकृत गरिएका छन् । जसमध्ये ९ वटा स्तनधारी २ वटा पक्षी तथा ३ वटा घस्रने जनावर पर्दछन् । जसकारण पर्सा राष्ट्रिय निकुञ्जले यसअघि औद्योगिक क्षेत्रको काम रोकेको थियो । संघीय सरकारको वन तथा वातावरण मन्त्रालयमा मयुरधापको फाइल वर्षौंदेखि अड्किरहेको हो ।

हाल मयुरधापमा बस्ती बढेसँगै जनावार तथा विभिन्न प्रजातिका चराचुरुंगीको आवागम पनि घटेको पाइन्छ । मयुरधापको जिम्मेवारी सम्हालिरहेका हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख भोजराज बिनाडीले काम अगाडि बढ्न लागेको जानकारी दिए । पर्सा राष्ट्रिय निकुञ्जले वातावरणीय प्रभाव मूल्यांकन (इआईए) गर्ने अनुमति दिएसँगै मयुरधापको निर्माण अगाडि बढ्ने भएको हो । बिनाडीले निकुञ्जबाट मयुरधाप औद्योगिक क्षेत्रको समस्या समाधान हुने गरी इआईएको लागि पत्राचार भएको र कार्यालयले वन तथा वातावरण मन्त्रालयमा लेखी पठाइसकेको जानकारी दिए । 'निकुञ्जबाट वैशाख अन्तिममा समस्या समाधान हुने गरी सकारात्मक पत्र आएको थियो । हामीले मन्त्रालयमा पत्राचार गरिसकेका छौं । अब छिट्टै काम अगाडि बढ्छ', बिनाडीले भने ।

उनका अनुसार यहाँस्थित दुई वटा सामुदायिक वन समितिले पनि निर्माण अगाडि बढाउन सहमति दिइसकेको छ । निकुञ्ज र वन समितिले सहमति दिइसकेपछि समस्या नरहेको बिनाडीको भनाई छ । हेटौंडा उपमहानगरपालिका-१४, स्थित मयुरधाप औद्योगिक क्षेत्र २०७७ भित्रै सञ्चालन गर्ने योजना सरकारको थियो । तर, २०८० सम्म पनि इआईए प्रक्रिया अगाडि बढ्न नसक्दा राज्यको लगानी 'बालुवामा पानी हाले जस्तै' बनेको हो । सरकारले औद्योगिक क्षेत्र स्थापनाको योजना ल्याएसँगै मयुरधाप कालापानीमा औद्योगिक क्षेत्र परि योजना कार्यालयको स्थापनासँगै सञ्चालन र कर्मचारीको नाममा खर्च गरिरहेको थियो ।

सरकारले २०७२ चैत १ गते मयुरधापलाई औद्योगिक क्षेत्रका रुपमा घोषणा गरेको थियो । मयुर धापको करिब २ सय बिगाहा क्षेत्रफलको सरकारी जग्गा संघीय सरकारले मयुरधाप औद्योगिक क्षेत्रलाई छुट्याएको छ । जार्सा कन्सल्ट्यान्टले मयुरधापको एक सय ३५ हेक्टर जमिनमा डीपीआरका लागि सर्भेको काम गरेको थियो । औद्योगिक क्षेत्र परिसरमा ६२ वटा औद्योगिक प्लट छुट्याइएको छ । छुट्याइएको प्रत्येक प्लटमा ७ देखि १४ रोपनीसम्म जग्गालाई विभाजन गरिएको जनाइएको छ । औद्योगिक क्षेत्रमा संघीय सरकारको निर्णय अनुसार सुरक्षण मुद्रण विभागलाई २ सय ५० रोपनी जग्गा उपलब्ध गराउने भनिएको थियो तर, मुद्रण कम्पनी काभ्रेमा बन्ने भएको छ ।

विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) अनुसार पूर्वाधार निर्माणका लागि करिब सात अर्ब दुई करोड ३४ लाख रकम लगानी हुनेछ । पुरानै डीपीआरले सात अर्ब बढीको मूल्यांकन गरेता पनि लागत बढ्ने सक्ने देखिन्छ । औद्योगिक क्षेत्रमा स्थापना हुने विभिन्न उद्योगबाट प्रत्यक्ष तथा अप्रत्यक्ष गरी करिव २० हजारले रोजगारीको अवसर प्राप्त गर्ने जनाइएको छ । हेटौंडा बजारबाट दक्षिणतर्फ रहेको मयुरधाप औद्योगिक क्षेत्र करिब ६ किलोमिटर टाढा छ । उक्त स्थानको स्थलगत विस्तृत नापजाँच गरी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका नाममा २०७३ सालमा जग्गाधनी पुर्जा प्राप्त भएको थियो ।

मयुरधाप औद्योगिक क्षेत्रमा रङ, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिष्टिलरी, पाइप, काष्ठ सामान, कपडा, सिमेन्ट, इलेक्ट्रोमेकानिकल कार्यशाला, छाला उद्योगजस्ता उद्योग प्रस्ताव गरिएका छन् । उक्त औद्योगिक क्षेत्रमा पानी प्रशोधन, फोहोरमैला व्यवस्थापन तथा फोहोर पानी प्रशोधन केन्द्र स्थापनाको प्रस्ताव गरिएको थियो ।

मयुरधाप औद्योगिक क्षेत्रमा काठमाडौंमा खोलिने नयाँ उद्योगहरु पठाउने आर्थिक वर्ष २०७८/७९ को बजेटमा उल्लेख भएको थियो । मयुरधापमा सरकारले काठमाडौं उपत्यकाका नयाँ खुल्ने उद्योगहरु निर्माणाधीन मयुरधाप औद्योगिक क्षेत्रमा पठाउने योजना कायान्वयन हुन सक्ने क्षेत्र व्यवस्थापक बिनाडी बताउँछन् । काठमाडौंबाट सर्ने उद्योगहरुलाई तत्कालीन सरकारले १० वर्षका लागि नि:शुल्क जग्गासमेत उपलब्ध गराउने बजेट भाषणमार्फत घोषणा गरेको थियो ।

मयुरधापलाई काठमाडौं उपत्यकाभित्र खुल्ने उद्योगका लागि प्रयोग गरिने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले पनि जनाएको थियो । काठमाडौं उपत्यकाभित्र रहेका तीनवटै औद्योगिक क्षेत्र भरि भराउ भइसकेको र अब नयाँ उद्योगका लागि जग्गा नभएकाले मयुरधापलाई प्रयोग गरिने योजना लिमिटेडको थियो । काठमाडौंमा बालाजु, ललितपुरमा पाटन र भक्तपुरमा भक्तपुर औद्योगिक क्षेत्र सञ्चालन गरेको लिमिटेडले मयुर धापलाई वैकल्पिक बनाउन सरकार सँग औद्योगिक क्षेत्र घोषणाको माग गर्दै २०७२ पत्र पेस गरेको थियो ।

# थाहा नगर स्थानीय तह वित्तीय अनुशासनमा उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा मकवानपुरको थाहा नगरपालिका प्रथम भएको छ । थाहाले आर्थिक वर्ष २०७८/७९ मा कुल १०० मध्ये ७८ अंक प्राप्त गर्दै जिल्ला प्रथम भएको हो । जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले जिल्लाका १० वटै स्थानीय तहको समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थितिको मूल्याङ्कन गरेर नतिजा प्रकाशन गरेको जिल्ला समन्वय समिति मकवानपुरकी शाखा अधिकृत सुनिता कुमारी गजुरेलले जानकारी दिइन् ।



जिससले योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखाङ्कन तथा प्रतिवेदन अनुगमन, मूल्यांकन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी अन्तिम नतिजा प्रकाशन गरेको हो । जसमा थाहाले सबै भन्दा बढी ७८ र बागमती गाउँपालिकाले सबै भन्दा कम ४९.५ अंक प्राप्त गरेको छ ।

थाहाले योजना बजेट तथा कार्यक्रम व्यवस्थापनमा १३.५, कार्यान्वयन क्षमता तथा व्यवस्थापन २६, लेखाङ्कन तथा प्रतिवेदनमा १६, अनुगमन मूल्याङ्कन तथा लेखा परीक्षणमा १० र राजस्व व्यवस्थापनमा १२.५ गरी कुल ७८ अंक प्राप्त गरेको उनले जानकारी दिइन् । मूल्याङ्कन अनुसार जिल्लाको मनहरी गाउँपालिकाले ७२.५ अंक, बकैया गाउँपालिकाले ६९.५ अंक, मकवानपुरगढी गाउँपालिकाले ६८.५ अंक, कैलाश र भीमफेदी गाउँपालिकाले ६६.५ अंक, हेटौंडा उपमहानगरपालिकाले ६२.५ अंक, राक्सिराङ गाउँपालिकाले ५६ अंक, इन्द्रसरोवर गाउँपालिकाले ५१ अंक र बागमती गाउँपालिकाले ४९.५ अंक प्राप्त गरेको छ ।

त्यस्तै जिल्लाको १० वटै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा पनि थाहा नगर पालिका ८६.२५ अंक प्राप्त गर्दै प्रथम भएको छ । उनका अनुसार थाहा नगरपालिकाले शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवाप्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय शीर्षकको मूल्याङ्कनमा कुल १०० अंकमा ८६ दशमलव २५ अंक प्राप्त गर्दै जिल्लामै उत्कृष्ट भएको छ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा पनि बागमती गाउँपालिकाले सबै भन्दा कम ४३ दशमलव ५ अंक प्राप्त गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा क्रमश जिल्लाको मनहरी गाउँपालिकाले ६७.७५ अंक, भीमफेदी गाउँपालिकाले ६५ अंक, हेटौंडा उपमहानगरपालिकाले ६३.२५ अंक, मकवानपुरगढी गाउँपालिकाले ५६.७५ अंक, बकैया गाउँपालिकाले ५६.२५ अंक, राक्सिराङ गाउँपालिकाले ५६ अंक, इन्द्रसरोवर गाउँपालिकाले ५३.२५ अंक, कैलाश गाउँपालिकाले ४९.५ अंक, र बागमती गाउँपालिकाले ४३.५ अंक प्राप्त गरेको छ ।

गजुरेलका अनुसार मकवानपुर जिल्लाका स्थानीय तहहरुले आगामी आवमा दुईवटै मूल्याङ्कनमा ९० प्रतिशतभन्दा माथि अंक आउने गरी काम गर्ने लक्ष्य लिइएका छन् ।

# निर्माणाधीन अस्थायी प्रहरी पोष्टको अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतान र वडा नम्बर २ का वडाअध्यक्ष बखानसिं पाख्रिनले निर्माणाधीन अस्थायी प्रहरी पोष्ट भवन निर्माण क्षेत्रको स्थलगत अवलोकन गरेका छन् ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ मा अवस्थित अस्थायी प्रहरी पोष्ट जीतपुर मकवानपुरको निर्माणाधीन जग्गाको स्थलगत अनुगमन तथा निरीक्षण गरी त्यहाँका वस्तुस्थितिका बारेमा जानकारी लिएका छन् । विगत लामो समयदेखि अस्थायी प्रहरी पोष्ट जीतपुरका सुरक्षामा खटिएका पाँच जना प्रहरी जीर्ण काठको टहरोमा बस्दै आइरहेका थिए ।

अनुगमनका क्रममा अध्यक्ष लामाले प्रहरीका लागि आवश्यक पर्ने भौतिक संरचना र प्रविधि तथा आवश्यक जनशक्तिका बारेमा चासो लिँदै स्थानीय सरकारले प्रहरीसँग हातेमालो गर्दै अघि बढ्ने जानकारी दिए ।

# बैदेशिक रोजगारबाट फर्केकालाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ रोजगारीको क्रममा बिदेशिएर फर्किएकाको सीप हेटौंडामै प्रयोग हुने भएको छ । हेटौंडा उपमहानगरपालिका र बैदेशिक रोजगार बोर्डको लगानीका लामो समय बैदेशिक रोजगारीमा रहेर सिकेको सीपलाई हेटौंडामै प्रयोगमा ल्याउने तयारी भएको हो ।

तयारी अनुसार उपमहा नगरपालिका र बोर्डको लगानीमा बैदेशिक रोजगारबाट फर्केका व्यक्तिको लागि पुन: एकीकरण कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रम अन्तर्गत हेटौंडामा कृषि, पशु तथा उद्यमशीलतासम्बन्धी ७ दिने तालिम सञ्चालनसँगै उनीहरुको मनोभावना बुझ्ने काम भएको बताइएको छ ।

तालिमका क्रममा बैदेशिक रोजगारीबाट फर्किएपछि यहीं बसेर गर्न चाहेको काम र त्यसको प्रभावकारीताकाको बारेमा तालिम सञ्चालनको क्रममा बुझ्ने काम भएको उपमहानगरको रोजगार शाखाले जनाएको छ ।

मंगलबार तालिमको समापन गर्दै उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले पहिले बैदेशिक रोजगारीमा जाने भन्दा अहिले अध्ययन तथा कामका लागि विकशित मुलुकमा जाने क्रमले बिकराल रुप लिएको बताइन् ।

उनले पहिले रोजगारीका लागि जाने परिवारसँग भेट्न आउँने क्रम रहेपनि अहिले अध्ययन तथा रोजगारीका लागि विकशित मुलुक जानेहरुका कारण सम्पन्न बर्ग समस्यामा पर्ने बताइन् । उनले भनिन् 'अहिले जानेहरु फर्कने भन्दा पनि उतै बस्ने उद्देश्य छ जसका कारण यहाँ रहेका बुढा आमाबुवाको अवस्था थप बिकराल बन्छ ।'

अहिले राष्ट्रमा भित्रिएको रेमिटेन्स भन्दा पनि बाहिरी रकम बढीहुँदा आर्थिक समस्या देखिएको उनको भनाई थियो । बाहिर बसेर फर्किएकाले नेपालमै श्रम गरेको भन्ने सुनेपनि बाहिरीने र गएका पनि मेहनतले यहीं केही गर्न सकिन्छ भनेर फर्कने क्रमको विकास हुने बिश्वास उनले गरिन् ।

तालिमका क्रममा आफूले भनेको काम थालनिका क्रममा सरकारले सहयोग गर्ने बताउँदै नगर प्रमुख लामाले व्यवसायी बन्नका लागि प्रयास आफैंले गर्नुपर्ने बताइन् ।

हेटौंडा-८ का अध्यक्ष तथा कार्यक्रम कार्यान्वयन समितिका सदस्य रामकृष्ण थापाको अध्यक्षता भएको समापनमा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, समाजिक विकास महाशाखाका प्रमुख भीमप्रसाद तिमल्सिनालगायतको आतिथ्यता रहेको थियो । तालिममा बैदेशिक रोजगारीबाट फर्किएका उपमहानगरको १९ वडाका ३८ जनाको सहभागिता रहेको थियो ।

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

Solidarity International Academy, For God and Nation, Hetauda-10, Makwanpur Estd. 2049 (1993)

सम्पर्कको लागि
०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सुख्खामौसम र खानेपानीको समस्या

पछिल्लो एक साता हेटौंडामा चर्को गर्मीको अनुभूति भयो । गर्मी मौसममा धारामा पानी नआउने पुरानै समस्या हो । एकातिर पानीको उत्पादन गर्मीमा कम हुने र अर्कोतिर गर्मीमा पानीको खपत बढी हुने भएका कारण माग र आपूर्तिबीचमा संतुलन हुनै सक्दैन । हेटौंडामा पानीको अभाब हुने क्षेत्रमा ट्याङकरबाट पानी बितरण गर्न थालेको खानेपानी बोर्डले रातारात बोरिङ गरेर थप पानी उत्पादन गऱ्यो । सोमबारदेखि दैनिक १० लाख लिटर पानी बोर्डको आपूर्ति प्रणालीमा थपिएको छ । सामरी खोलामा बोरिङ गरेर सुख्खायाममा पानी आपूर्ति गर्ने ब्यवस्था मिलाइएको बोर्डले जानकारी दिएको छ । खानेपानी व्यावस्थापन बोर्डले पानीको अभाब भएका क्षेत्रहरुमा ट्याङकरबाट खानेपानी वितरण पनि गरेकै हो ।

लामो समयदेखिको खडेरोले खानेपानी उत्पादनमा कमी आएकोले पानी वितरण प्रर्याप्त हुन नसकेपछि उपभोक्तालाई ट्याङकरबाट पानी बितरण गर्न थालेको बोर्डले बताएको छ । सुख्खायामका कारण पानीको मुहान समेत सुक्दै गएकाले उपभोक्ताका धारामा पानी आउन छोडेको गुनासो आएको हो । दैनिक २ घण्टा पानी आउने धारामा दैनिक १५ मिनेट मात्रै पानी आउन थालेपछि खानेपानीको अभाव भएको उपभोक्ताले गुनासो गरिरहेका छन् । धारामा खानेपानी नआएको अवस्थामा ट्याङकर मार्फत् पानी वितरण गर्ने ब्यवस्था मिलाइएको बताइएको छ । बोर्डको आपूर्ति प्रणालीमा दैनिक १० लाख लिटर पानी थपिएकोले मंगलबारदेखि पानीको आपूर्ति अलि सहज हुने बताइएको छ । बोर्डले वार्षिक रुपमा झण्डै १० करोड रुपैयाँ बिलिङ गर्छ र त्यसको ९७ प्रतिशत रकम उठिरहेको पनि छ । उपभोक्तालाई पानी वितरणको लागि बोर्डले उपभोक्तासँगको सहकार्यमा २२ हजार ३ सय ३६ मिटर पाइप लाइन विस्तार गरेको छ । हाल बोर्डले हेटौंडा उपमहानगरपालिका अन्तर्गत वडा नं २,४,५,६,७,८,९,१० मा पूर्ण रुपमा र १, १४, १५, १६, १७, १८,१९ का केही भूभागमा बसोबास गर्ने करिब १ लाख ५५ हजार नगरबासीलाई दैनिक २ करोड लिटर पानी उत्पादन गर्दै आएको छ । करिब २३ हजार ५ सय धाराबाट दैनिक खानेपानी वितरण गर्दै आइरहेको छ । हेटौंडा उपमहानगरपालिकाले नगर बासीलाई राहत दिने उद्देश्यले २०७९ साल भदौ महिनादेखि न्यूनतम खानेपानी महशुलमा १० हजार लिटर पानीका छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समितिहरु हस्तान्तरण हुने क्रम बढेको छ । हेटौंडामा खानेपानीको आपूर्ति ब्यवस्थामा दिनप्रतिदिन सुधार हुँदै गएको छ । सुख्खा मौसममा बाहेक अन्य समयमा पानी आपूर्तिमा उपभोक्ताले सिकायत गर्ने अवस्था ज्यादै न्यून देखिन्छ ।

सुख्खा मौसममा पानी आपूर्ति गर्न बोर्डले बैकल्पिक ब्यवस्था खोज्दै जानुपर्ने हुन्छ । यसका लागि बोर्डले उपभोक्ता, खानेपानीका बिज्ञहरुसँग परामर्श गर्नु पर्छ । एक दसक अघिसम्म नगरबासीले खानेपानीको अभाव पटकपटक झेल्दै आएका थिए । संस्थानको संरचनालाई बोर्डमा परिणत गरिएपछिका दिनमा सुधारोन्मुख देखिएको छ । बोर्डले सामरीमा २, हुप्राचौरमा २, कर्रामा २, कमानेमा ३, कुखरेनीमा २, चौकीटोलमा २, न्युरेनी, टीसीएन, गौरिटार, पिप्ले, मयूरधाप, गर्दोइमा १/१ वटा बोरिङबाट भूमिगत पानी उत्पादन गरिरहेको छ । उत्पादनलाई निरन्तरता दिने कार्यसँगै बोर्डले पानी भण्डारण क्षमता बिस्तार गर्दै लैजाने र उपभोक्तालाई शुद्ध पानी पिउन पाउने ब्यवस्था गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ ३२ गते बिहीबार १५ जुन २०२३ । द्वादशी, आषाढ कृष्णपक्ष । तछलागा ११४३ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ । प्रदोष व्रत । श्रीसूर्य रातको १:५७ बजे मिथुनमा जाने

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ | तुला | : व्यापारमा नयाँ योजना बन्नेछ |
| वृष | : अहंकारको भावले काम विगार्नेछ | वृश्चिक | : कठिनाई कम हुनेछ |
| मिथुन | : धार्मिक कार्यको अवसर मिल्नेछ | धनु | : साथीभाइमा मनमुटाव हुनेछ |
| कर्कट | : व्यापार राम्रो चल्नेछ | मकर | : नयाँ काम समय देखिन्छ |
| सिंह | : मानसिक सन्तोष हुनेछ | कुम्भ | : अधुरा काम सम्पन्न हुनेछ |
| कन्या | : धन प्राप्ति हुनेछ | मीन | : सवारी साधनबाट क्षति हुन सक्नेछ |

# बरालिएको संसद, बहकिएको बहस



विचार

✍ खिमलाल देवकोटा

संविधानसभाले बनाएको संविधान बमोजिमको संघीय संसदको दोस्रो कार्यकालको बैठक चालु छ । जनताद्वारा निर्वाचित वैधानिक संस्था संविधानसभा मार्फत बनेको संसारका कमै मध्येको नेपालको संविधान हो । यही संविधानले नेपाललाई एकैपटक राजतन्त्रबाट गणतन्त्र, एकात्मकबाट संघात्मक, हिन्दु अधिराज्यबाट धार्मिक स्वतन्त्रता सहितको धर्मनिरपेक्ष राज्य र असमावेशीबाट समावेशी राज्यमा रूपान्तरण गरेको हो ।

संसदको स्वीकृति विना कर लगाउने र खर्च गर्ने अधिकार छैन भन्ने मान्यताको अनुयायी नेपालको संसद पनि हो । अझ नेपालको सन्दर्भमा त सार्वभौमसत्ताको प्रयोग गर्ने थलोका रूपमा यसलाई लिने गरिन्छ । नेपाली जनतामा निहित रहेको सार्वभौमसत्ताको प्रयोग गर्ने थलो संसद संविधान र सभ्य अभ्यास बमोजिम चलोस् भन्ने अपेक्षा सबैको रहेको हुन्छ । तर यो बीचमा चलेका संसदका बैठकहरू त्यो स्तरका देखिएनन् । संसदमा गर्न हुने र नहुने सबै खाले गतिविधि देखा पर्न थाले ।

संसद आफैंले बनाएको नियमको पालना बनाउनेहरूले नै उल्लंघन गर्ने र संसदको नेतृत्वकर्ता सभामुखले नियमको रक्षा र पालना गराउन नसक्ने मात्र हैन यदाकदा आफैं समेत नियम उल्लंघनको पात्र बन्न पुग्ने अवस्था आयो । फ्लोरबाट सभामुखले गरेको निर्णयको टिप्पणी मात्र हैन, आलोचना समेत हुन थाले । यो दुर्भाग्यपूर्ण अवस्थाको दृश्य मन लागे पनि नलागे पनि हेर्न बाध्य छन् नेपाली जनता । यो टिप्पणी यही विषयमा केन्द्रित छ ।

संसद नीति-निर्माताहरूको थलो हो । तर संसदमा नीतिगत बहस शून्यप्राय: छ । जब संसदमा नीतिगत बहस शून्यमा पुग्छ तब नीति विहीनताको आरम्भ हुन्छ । नीति विहीनताले अराजकताको आमन्त्रण गर्दछ । संसदमा नीति कार्यक्रम प्रस्तुत भयो तर नीति कार्यक्रमका बारेमा गहिरिएर छलफल भएन । आ-आफ्ना सत्ता गुमेका र सत्ता टिकाउन नसकेका र सत्ता टिकाउन गरिएका प्रयत्नहरू छ्यालब्याल देखा परे ।

एकअर्का विरुद्ध लक्षित र लाञ्छित अभिव्यक्तिहरूको ओइरो लाग्यो । सही अर्थमा नीति कार्यक्रमले के भन्न र गर्न खोजेको हो ? यो नीति कार्यक्रम पारित हुँदा मुलुक कहाँ पुग्छ ? भन्ने बारेमा चर्चा भएन । प्रतिपक्षीले वैकल्पिक नीति कार्यक्रम प्रस्तुत गर्न पनि सकेनन् र सरकारले पेश गरेको नीति कार्यक्रमको निराधार आरोप र खण्डनको शैली मात्रै अपनाए ।

संसदको नियमित प्रक्रिया 'हुन्छ' वा 'हुन्न' भन्ने बेलामा 'हुन्न' भन्ने आवाज निकाल्यो । यो बाहेक अरू केही गर्न सकेन । प्रतिपक्षीका बोलीमा दम थिएन । स्पष्टता पनि थिएन । आरम्भमा यो नीति कार्यक्रम झुटको पुलिन्दा भन्दै सुरु भयो । मध्यतिर अघिल्लो सरकारको हुबहु नक्कल गरेको र यो सरकारको नयाँ केही पनि नभएको भन्दै फ्लोरबाट ताली पनि खायो ।

अन्त्यमा यो नीति कार्यक्रमको विपक्षमा मतदान गर्ने कसम खायो र रोष्टमबाट तल झऱ्यो । सत्ता पक्षको पालो पनि नीति कार्यक्रमको व्याख्यान हैन, प्रतिपक्षी आलोचनाको प्रति-आलोचनामा समय गुजारेर सकियो ।

राष्ट्रपतिको नीति कार्यक्रम २ घण्टा लामो थियो । प्रमुख प्रतिपक्षी दलका नेताको पनि झण्डै २ घण्टाको । यसो गर्नाको तात्पर्य राष्ट्रपतिको सम्बोधनलाई ओझेल पार्नु थियो । सरकारको नीति कार्यक्रमको केस्रा-केस्रा केलाउने झन्झट प्रतिपक्षीलाई पनि गर्नु थिएन, गरेन ।

एवं रितले सरकारले प्रि-बजेट छलफलको आयोजना गऱ्यो । संसदमा बजेटका सिद्धान्त र प्राथमिकताको दस्तावेज नै पेश गऱ्यो । फेरि पनि बजेटको सिद्धान्त र प्राथमिकतामा मिहिनेत गर्ने र वैकल्पिक प्रस्ताव गर्ने झन्झट प्रतिपक्षमा रहेका सांसद कसैले पनि गर्न आवश्यक ठानेनन् ।

नीति तथा कार्यक्रम, बजेटको सिद्धान्त र प्राथमिकताका आधारमा बजेट आयो कि आएन ? त्यसमा पनि अध्ययन, चिन्तन, मनन गर्ने र बजेटका सबै पाटा पक्षका बारेमा चर्चा गर्ने, कमी-कमजोरी रहेका भए उजागर गर्नेसम्मको मिहिनेत कसैले गर्न आवश्यक ठानिरहेको छैन ।

सत्ता पक्षलाई लागेको छ, बहुमत छ पारित भइहाल्छ, किन चिन्ता गर्नू ! त्यसैगरी प्रतिपक्षीलाई पनि लागेको छ, बजेट असफल गराउन मत छैन किन दु:ख गर्नु, सदनमा बोलेर हुने कुरा केही हैन । फेरि बोली नै हालियो भने पनि सत्ता पक्षको बजेटको प्रचार मात्रै हुने । बरु सत्ता पक्षको बजेटको विज्ञापन हुने गरी बोल्न भन्दा सदनलाई विषयान्तर गरेर हल्लाखल्ला गर्न सके मिडियाको नजरमा परिने, सामाजिक सञ्जालमा भाइरल बन्न सकिने । यसो किन नगर्ने भन्ने मनोविज्ञानले प्रतिपक्षी सदनमा अलमलिएको देखियो ।

यसलाई ट्र्याकमा ल्याउने प्रयत्न सभामुखले गर्नुपर्थ्यो । उनले सकेनन् वा जानेनन् वा चाहेनन् । त्यही रूपमा सरकारले पनि गरेन । फलत: सदन निश्चित एजेण्डामा हैन, एजेण्डा विहीनतामा दौडियो । जबकि संसदको नियमावलीले विना एजेण्डा सदनमा कुनै पनि विषयमा छलफल हुँदैन भनेर लेखिएको छ । पारित गर्नेले नै नियमावली नमानेपछि कसले मानिदिने ?

यो हालतमा पुग्दै गर्दा सदनको गरिमा, महत्व र मानमा समेत आँच पुगेको छ । हेक्का रहोस्, सदनको मर्यादा कायम गर्न नसकेको बात आज नभए पनि भविष्यमा समेत लाग्नेछ ।

प्रधानमन्त्रीले समय मागेका बेला बोल्न समय दिनुपर्छ । त्यसमा पनि विदेश भ्रमण जाँदा र फर्कंदा सदनलाई जानकारी गराउनुपर्छ । सदनमा जानकारी दिन प्रधानमन्त्री उपस्थित हुँदा प्रतिपक्षले सदन अवरुद्ध गर्छ । सभामुख यसलाई रोक्न सक्दैनन् वा चाहँदैनन् । सदन अलमलमा पर्छ । प्रधानमन्त्रीलाई प्रश्न सोधिन्छ, जवाफ दिन लाग्दा सदनमा हंगामा हुन्छ । सभामुखले बैठकलाई मर्यादित बनाउन चाहनुहुन्न वा सक्नुहुन्न । प्रधानमन्त्री बोल्दाबोल्दै डिस्टर्ब हुन्छ । सभामुखले डिस्टर्ब नगर्न रुलिङ गर्दैनन् । बरु प्रधानमन्त्रीलाई रोकेर उनैलाई समय दिन्छन् । केमा नियमापत्ति हो, सोध्दैनन् । के भन्न खोज्नु'भा भन्छन् ।

कुरा सुन्दा उसको नियमापत्ति हुँदैन । बरु प्रधानमन्त्रीले बोलेको मन पर्दैन । सदनमा कसैले पनि बोलेको मन परे पनि नपरे पनि संसदको नियम मिचेको छैन भने आपत्ति गर्न पाइँदैन । नियमापत्ति भनेको नियम बमोजिम सदन चलेन भनेर ध्यानाकर्षण गराउने विषय हो भन्ने कुरा नियम पास गर्ने माननीय आफैंले जान्दैन ।

त्यसैको भारी सभामुखले बोक्न बाध्य हुन्छन् । तपाइँको नियमापत्ति मिलेन भन्ने हिम्मत पनि सभामुख गर्दैनन् । अनि जे बोले पनि हुने रहेछ भन्ने अभ्यास आरम्भ हुन्छ ।

प्रधानमन्त्रीले जवाफ दिइसकेपछि यो छलफल यहीं समाप्त हुन्छ भन्दै बैठक अर्को एजेण्डामा प्रवेश गर्छ । तर सभामुख प्रतिपक्षी नेतालाई बोल्नका लागि समय दिन्छन् । दुनियाँको चलन के हो भने मन्तव्य दिन चाहने मन्त्री, प्रधानमन्त्री, प्रतिपक्षी नेता बैठकको आरम्भमा समय माग गर्ने र बोल्ने हो । सो विषय पनि बैठकको कार्य सूचीमा आउनु राम्रो हुन्छ । तर प्रधानमन्त्रीको प्रतिउत्तर पछि त्यसैलाई ओझेल पार्नका लागि प्रतिपक्षीले सदनको समयको र सभामुखको कुर्सीको दुरुपयोग हुन्छ । सभामुख त्यसै गर्न बाध्य छन् ।

सभामुख भनेको हाउसको नेता हो । बैठक व्यवस्थित गर्न नियममा लेखिएका र नलेखिएका धेरै अधिकार सभामुखमा निहित हुन्छन् । त्यसैले सभामुख सबैको नेता बन्न सक्नुपर्छ । पार्टीको आबद्धता त्याग्नुपर्छ । नियमसंगत ढंगले सदन चलाउनुपर्छ । त्यसैले सभामुखले गरेको निर्णयका विरुद्धमा बोल्न हुँदैन भन्ने कुरा पनि नियमावलीमा नै लेखिएको छ । महाअभियोगको प्रस्तावमाथि छलफल हुने अवस्थामा बाहेक सभामुखको आलोचना गर्न पाइँदैन भन्ने पनि नियमावलीमा लेखिएको छ । तर फ्लोरमा कुरा उठ्छ । सभामुखले फलानाको बोली रेकर्डबाट हटाउने हो भने फलानाको पनि हटाउनुपर्छ । एकपक्षीय हुन हुन्न भन्छन् । यो बोलीका बारेमा सभामुख मौन रहन्छन् । वास्तवमा रेकर्डबाट हटाउने यस्ता अभिव्यक्ति हो । यस्ता अभिव्यक्तिले सभामुखको मानमर्दन गर्ने सभाको पनि मान मर्दन हुन्छ भन्ने आधारमा रेकर्डबाट हटाउने हो । त्यसो हुनसकेको पाइएन । सभामुखले सभामुखको आलोचना गर्न पाइँदैन भनेर लेखिएको नियम देखाउन सक्दैनन् ।

संसद सरकारले बोलाएको बैठक हो, जसमा प्रतिपक्षीले मनग्ये आफ्ना कुरा भन्न पाउँछ । तर सबै कुराको जिम्मा सरकारले लिनुपर्छ । सबै प्रश्नहरूको जवाफ सरकारले दिनुपर्छ । संसदलाई अनुत्तरित छाड्न हुँदैन भन्ने मान्यताका आधारमा प्रतिपक्षीले उठाएका हरेक प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ । प्रधानमन्त्रीले जवाफ दिएपछि छलफल समाप्त हुन्छ ।

यो परम्परा संसदीय प्रणाली अपनाएका मुलुकको त हुँदै हो, राष्ट्रपतीय प्रणाली भएका मुलुकमा पनि अवलम्बन हुन्छ । प्रधानमन्त्रीको जवाफपछि प्रतिपक्षी नेतालाई बोल्न दिने र सदनलाई अनुत्तरित बनाउने कुरा सार्वभौम संसदलाई अनुत्तरित बनाउने हो । सरकारले जवाफ दिन चाहेन भने पनि सोको जिम्मा सरकारले लिनुपर्छ । सभामुखले त्यो अवस्था सिर्जना गरेको हो भने सदनको नेताको हैसियतमा सभामुखले जिम्मा लिनुपर्छ । किनकि सार्वभौम जनता सदन अनुत्तरित भएको देख्न चाहँदैनन् । सरकारले जवाफ तत्काल दिन नसक्ने हो भने समय माग्नुपर्छ । त्यो बन्दोबस्त सभामुखले मिलाउनुपर्छ । सदन अनुत्तरित अवस्थामा छाड्न मिल्दैन । यस्ता काम सदनमा बग्रेल्ती हुन थाल्नु राम्रो संकेत होइन ।

संसदीय अभ्यासमा 'हाउस इन अर्डर' भन्ने गरिन्छ । यसको मर्म हो, सदन ढंगले चल्नुपर्छ । त्यसैका लागि सभामुख, नियमावली, परामर्श समिति बनाइएको हो । सभामुखलाई विश्वास गरेर सदनको नेता बनाएको हो । सदनमा विना प्रस्ताव छलफल हुँदैन भन्ने लेखिएको छ । विना एजेण्डामा छलफल हुन सक्दैन । यसका अलावा पनि सदनको काम-कारबाहीलाई डिरेल गर्न प्रयत्न भएको छ । सदन डिरेल हुने कुरा सदनको काम-कारबाहीका हिसाबले राम्रो मानिंदैन ।

सदनमा भारत भ्रमण, नीति कार्यक्रम, बजेटको चर्चा चुलिंदा नक्कली भुटानी शरणार्थी प्रकरण छायामा परेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणले 'लहरो तान्दा पहरो थर्किने' संभावना कमजोर भएको छ । यो काम सचेततापूर्वक गरिएको पनि हुन सक्छ ।

यस्ता मामलामा सभामुखले समयोचित ध्यान दिन सकेको देखिएन । यसले आउँदा दिनमा पनि हाउसको अर्डर भत्किने खतरा बढाउँछ । हाउस अर्डरमा नहुँदा प्रतिपक्षले बोल्ने प्लेटफर्मको अन्त्य हुन्छ । प्रतिपक्षको आवाज विनाको सदन र लोकतन्त्र दुवै औचित्यहीन हुन पुग्दछन् । तसर्थ प्रतिपक्षले हाउसलाई बिथोल्न हैन, व्यवस्थित गर्न अर्को पक्षप्रति आक्रोश र गालीगलौज हैन, सौम्य र सभ्य भाषामा आफ्ना कुरा भन्न सक्नुपर्छ । जनता यति चलाख भइसके कि प्रतिपक्षीले सरकारको आलोचना र सत्ता पक्षले सरकारको बचाउ सुनेर मज्जा मान्नेवाला छैनन् ।

सत्ता पक्षको आलोचनात्मक सावधानी र प्रतिपक्षीको रचनात्मक सुझावको अपेक्षा यतिबेलाको जनताको रुचिको विषय बनेको छ भनेर पनि हेक्का राख्न जरूरी छ ।

बहुचर्चित भनाइ छ, 'लोकतन्त्रमा संसदको काम भनेको असल कानुनमा ध्यान दिने हो सरकारका दैनिकीमा धेरै समय खेर फाल्न हुँदैन किनकि सरकारलाई बोली वा गालीले हैन कानुनले बाँधन प्रयत्न गर्नुपर्छ ।' तर हाम्रो दुर्भाग्य निर्वाचन भएलगत्तै बसेको सदनले एउटा पनि कानुन पारित गरेन । दोस्रो अधिवेशन पनि सरकारलाई गाली गर्न, बोली बिकाउन र तुष मेटाउनमा नै व्यस्त छ । यसले के परिणाम देला ?

भनिन्छ, 'संसदीय बहसको क्षेत्र भनेको जहाँ विचारहरूको द्वन्द्व हुन्छ, विचारहरूको समीकरण पनि हुन्छ, तब लोकतन्त्र मजबुत हुन्छ । सभामुखको भूमिका भनेको विचार र बहसमा पक्षधरता देखाउने हैन कि निष्पक्षता, तटस्थता सहित जनताको मनको आवाज बोल्ने थलोलाई जीवन्त बनाउनका निम्ति अधिकतम प्रयत्न गर्नेतर्फ केन्द्रित हुनुपर्दछ ।' तब मात्र संसद संसद जस्तो, बहस बहस जस्तो हुन्छ । तब मात्रै लोकतन्त्र लोकतन्त्र जस्तो हुन्छ । यस्तो कुराको अपेक्षा सभामुख, सदन र सदनका जिम्मेवार पदाधिकारीहरूबाट गरिन्छ ।

*(साभार: अनलाइनखबर)*

# महिलाका लागि प्रकृतिविपरीत कानुन



✍ मन्जु थापा

सन्तान जन्माउने र हुर्काउनका लागि चाहिने धैर्यता, ममता र करुणा प्रकृतिले स्त्रीलाई दिएको छ । गर्भाधान भएपछि महिलाले पुरुषको अनुपस्थितिमा पनि बच्चा जन्माउन र हुर्काउन सक्छिन् । प्रकृति दिएको यो मूल जिम्मेवारी हरेक महिलाका लागि गर्वको विषय हो, तर पितृसत्तात्मक समाजका कारण महिलाले आफ्नै सन्तानलाई पहिचान र वैधता दिन पाउँदिनन् ।

कुन पुरुषको सन्सर्गबाट गर्भवती भएको भन्ने हिसाब हरेक स्त्रीले समाजलाई दिनुपर्छ । यति मात्रले पुग्दैन, उनले देखाएको पुरुषले त्यो गर्भलाई सकारेको पनि हुनुपर्छ । कुनै कारणवश महिलाले आफ्नो गर्भ कुन पुरुषको संसर्गबाट रहन गएको हो भनी नाम दिन सकिनन्, वा उनले देखाएको पुरुषले त्यो गर्भ सकारेन भने ती महिलाको मात्र होइन उनको सन्तानको जीवन अपमानजनक, पहिचानविहीन र कष्टकर हुन्छ ।

आफूले जन्माएका सन्तानलाई वैधता दिन एक नाबालिग कुमारीआमाले कति ठूलो महाभारत लड्नुपऱ्यो उदाहरण ताजा छ, हामीसँग । उनले पाएको सामाजिक अवहेलना र मानसिक पीडाको कुनै हिसाब छैन । उनी त हिम्मतिली थिइन् र जोखिम उठाउँदै लडेर लिइन्, तर सबै महिलाले त्यसरी लडेर लिन सक्दैनन् । मानवीय हिसाबले न्यायपूर्ण र महिलामैत्री कानुन बनाएर महिलाले आफ्ना सन्तानलाई स-सम्मान पहिचान दिन सक्ने व्यवस्था गरिनुपर्छ, अनि मात्र प्रकृतिले बक्सेको स्त्री उत्तरदायित्वको आदर हुन्छ ।

यसै सन्दर्भमा नेपालमा विद्यमान कानुनको कुरा गर्दा, नेपालको संविधानको धारा ३८ (१) ले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने व्यवस्था गरेको छ । प्रजनन स्वास्थ्य र प्रजनन अधिकारको बृहत परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुवै कुराको निर्णय पर्छ ।

यसरी संविधानले नै गर्भमा आएको बच्चा जन्माउने कि नजन्माउने निर्णय गर्ने हक-महिलालाई दिएको छ । त्यसैगरी सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले कसैले गर्भवती महिलालाई करकाप गरी धम्की दिई ललाइफकाइ गरी वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन भन्छ ।

संविधानले नै व्यवस्था गरेको हकको उपयोग गरी गर्भवती महिलाले सन्तानलाई जन्म दिने निर्णय गरिन्, जन्म दिइन् र हुर्काइन्, त्यतिले उनको उत्तरदायित्व पूरा हुँदैन । १६ वर्ष पुगेपछि बच्चालाई पहिचानसहितको नागरिकता चाहिन्छ ।

प्रचलित नागरिकता ऐनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । यसरी आमाको नामबाट नागरिकता लिन दुई सर्त पूरा हुनुपर्ने देखियो । पहिलो सर्त- बच्चा नेपालमा जन्मेको हुनुपर्ने । दोस्रो सर्त- बाबुको पहिचान हुन नसकेको । यो अवस्थाबाहेक आमाको नामबाट नागरिकता बन्ने व्यवस्था गरिएको छैन ।

यी दुई सर्त पूरा गर्न नसकेको अवस्थामा नेपाली नागरिक आमाले जन्माएको सन्तानले नागरिकताजस्तो आधारभूत आवश्यकताबाट वञ्चित हुनुपर्छ । अब हेरौं, कस्तो अवस्थामा नेपाली आमाले जन्माएको सन्तानले नागरिकताबाट वञ्चित हुने अवस्था छ ।

कुनै विशेष अवस्थामा मात्र महिलाले आफ्नो सन्तानको बाबु को हो भन्न सक्दिनन्, तर अधिकांश अवस्थामा आफ्नो पेटमा हुर्कंदै गरेको सन्तानको बाबु को हो, उनलाई थाहा हुन्छ, तर सम्बन्धित पुरुषले स्वीकार गरेन भने सन्तानले आमाको नामबाट नागरिकता पाउने व्यवस्था गरिएको छैन । यस्तो अवस्थामा नेपाली आमाको सन्तानले अवैध र अनागरिक भएर जीवन काट्नुपर्ने हुन्छ । कि आमाले बच्चाको पहिचानका लागि डिएनए जाँच गरिपाऊँ भनेर आमरण अनशन बस्नुपर्छ ।

नेपाली नागरिक महिलाले विदेशमा कामदार वा विद्यार्थीको रूपमा रहँदा लैंगिक हिंसामा परेर उतै जन्माएको सन्तानले, मानसिक अवस्था ठीक नभएको अवस्थामा उतै जन्माएको सन्तानले, विदेशी वा नेपाली नागरिकसँगको संसर्गले उतै जन्मेको सन्तानलाई सम्बन्धित पुरुषले स्वीकार नगरेको अवस्थामा आमाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था गरिएको छैन । यी अवस्थामा नेपाली आमाको सन्तानले अवैध र अनागरिक भएर जीवन काट्नुपर्ने हुन्छ । अन्यथा सन्तानलाई उतै सडकमा अलपत्र छाडेर आउनुपऱ्यो । एक आमाको मनले सन्तान अलपत्र छोड्न मान्ला र ? एक आमालाई यस्तो परिबन्दमा पार्ने व्यवस्था अमानवीय व्यवस्था हो ।

यसरी अझ पनि नेपालको नागरिकता ऐनले महिलाका सबै पक्षलाई सम्बोधन गर्न सकेको छैन । प्रचलित कानुनबमोजिम बरु पितृत्व तथा मातृत्वको ठेगान नभएकाले नागरिकता पाउँछ । अन्य राष्ट्रको नागरिकता लिएका नेपाली नागरिकले नागरिकता पाउँछ, तर एक किसिमले पीडाको अवस्थामा नेपाली आमाले जन्माएका सन्तानले नागरिकता पाउने व्यवस्था गरिएको छैन । यो राज्यले पीडितलाई अझ पीडा थपिने गरी गरेको व्यवस्था हो ।

पितृसत्तात्मक सामाजिक प्रणालीमा कुनै पनि बच्चाको जन्मलाई पुरुषले नसकारेसम्म वैधता दिइँदैन । कानुन पनि उही सामाजिक संस्कारको उपज हुने हुनाले आमाको नामबाट नागरिकताको व्यवस्था पुरानो होइन, नेपाली परिवेशमा । जन्म दिन सक्ने आमालाई किन पहिचान दिने हक दिइएको छैन ? उही पुरानो र परम्परागत उत्तर यौनिकता नियन्त्रण गर्न ।

आज पनि राज्यले कुनै आमालाई आफ्नो सन्तानलाई दिनुपर्ने पहिचान दिने अधिकार बाट वञ्चित गर्नु अन्याय हो- महिलाका लागि र उनको सन्तानका लागि । साथै यो अनादर पनि हो, विशाल प्रकृतिले दिएको उत्तरदायित्वप्रति । तसर्थ महिलालाई प्रकृतिले दिएको उत्तरदायित्वको सम्मान गर्दै जुनसुकै अवस्थामा जन्मिएको सन्तान होस्, नेपाली आमालाई आफ्नो सन्तानलाई दिने पहिचानबाट वञ्चित गर्ने कानुन बनाउनु हुँदैन, बनिसकेका भए यथाशीघ्र संशोधन हुनुपर्छ ।

*(लेखक थापा नेपाल पुनर्बीमा कम्पनी लिमिटेडकी मुख्य प्रबन्धक हुन् ।)*

*(साभार: रातोपाटी*

# धान, मकै र गहुँबालीमा पहिलोपटक तोकियो माटोअनुसार मलखादको मात्रा

काठमाडौं/सरकारले ४७ वर्षपछि नेपालको कृषि योग्य भूमिमा माटोको अवस्था र प्रकार अनुसार तीन प्रमुख बालीमा मल प्रयोगको नयाँ मापदण्ड बनाएको छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तरगतको नेपाल बिउ तथा मल परियोजना खुमलटारले सोमबार स्थान र माटोअनुसार धान, मकै र गहुँ बालीमा हाल्नुपर्ने मलखाद प्रयोगको मात्रा तोकेको हो । अब किसानले आफ्नो क्षेत्र र माटोको गुणअनुसार फरक-फरक मात्रामा मल प्रयाग गर्न सक्छन् ।



सन् १९७६ मा सरकारले मालखादको मात्रा तोकेको थियो । तर, त्यसबेला सबै ठाउँमा समान खालको मलखाद प्रयोगको प्रणाली विकास गरेको थियो । नयाँ मापदण्ड तोकिए पछि पुरानो प्रणाली तोडिएको नार्कका माटो वैज्ञानिक डा श्रीप्रसाद विष्टले जनकारी दिए । उनकाअनुसार अब स्थानीय स्तरको माटोको उर्वराशक्ति र खाद्यन्नको उत्पादकत्व अनुसार मल खाद प्रयोगको मात्रा फरक-फरक हुने छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार ४ वर्ष लगाएर नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, राष्ट्रिय माटो अनुसन्धान केन्द्र र अमेरिकी सहायोग नियोग (यूएसएड) र अन्तर्राष्ट्रिय मकै तथा गहुँ सुधार केन्द्र मिलेर नयाँ विवरण तयार परिएको हो ।

नयाँ मापदण्डअनुसार मलखादको नयाँ मात्रा यसअघिको तुलनामा औसत ३० प्रतिशतसम्म बढेको नार्कले जनाएको छ । माटोको उर्वराशक्ति र धान, गहुँ, मकैको उत्पादनको अवस्थालाई अध्ययन गरेर हिमाल, पहाड र तराई क्षेत्रमा छुट्टाछुट्टै मात्रामा मलखाद प्रयोगको सिफारिस गरिएको छ ।

नयाँ सिफारिसपछि सघन वाली प्रणाली, उच्च पोषकतत्व चाहिने उन्नत प्रजातिहरू र अन्य कारणले माटोको उर्वराशक्तिमा छिटो परिवर्तन, माटोबाट पूर्ति हुने पोषकतत्व, बालीको उत्पादन लक्ष्य र बाली काट्ने समयमा बालीले लिएको पोषकतत्वको मात्रालाई ध्यानमा राखी मलखाद सिफारिस गरिएको नार्कले जनाएको छ ।

मलखाद सिफारिसका लागि स्थानीय स्तरमा माटोको उर्वराशक्ति, हालको धान, मकै र गहुँबालीको उत्पादनलाई ध्यानमा राखेर स्थान विशेष मलखाद सिफारिस गरिएको सरकारी दाबी छ ।

**धानमा कुन ठाउँमा कति मल ?**

नार्कले धान खेतीका लागि पूर्वी तराईमा एक हेक्टरमा ६ टन प्राङ्रुगारिक, १२० किलो नाइट्रोजन (युरिया), ४० किलो फस्फोरस, ५० किलो पोटास, ३ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्न सिफारिस गरेको छ । यस्तै, मध्य तराईमा एक हेक्टरमा ६ टन प्राङ्रुगारिक, लागि १२० किलो नाइट्रोजन (युरिया), ४० किलो फस्फोरस, ४० किलो पोटाँस, ३ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्नुपर्ने मापदण्ड तोकिएको छ ।

पश्चिम तराईमा एक हेक्टरमा ६ टन प्राङ्रुगारिक, १३० किलो नाइट्रोजन (युरिया), ४० किलो फस्फोरस, ५० किलो पोटास, ३ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्न भनिएको छ ।

सुदूरपश्चिम तराईमा प्रतिहेक्टर ६ टन प्राङ्रुगारिक, १०० किलो नाइट्रोजन (युरिया), ३०-३० किलो फस्फोरस र पोटास, २ किलो जिङ्रुक र एक किलो बोरोन सिफारिस गरिएको छ । यस्तै भित्री तराईका ५ जिल्लामा प्रतिहेक्टर ६ टन प्राङ्रुगारिक, १२५ किलो नाइट्रोजन (युरिया), ४०-४० किलो फस्फोरस र पोटास, २ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्न भनिएको छ ।

पहाडी क्षेत्रमा धान खेती गर्नेले प्रतिहेक्टर ६ टन प्राङ्रुगारिक, १२० किलो नाइट्रोजन (युरिया), ३०-३० किलो फस्फोरस र पोटास, २ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्नुपर्नेछ । यस्तै वर्णशंकर जातको लागि सबै क्षेत्रमा प्रतिहेक्टर ६ टन प्राङ्रुगारिक, १५० किलो नाइट्रोजन (युरिया), ५० किलो फस्फोरस, ६० पोटास, ३ किलो जिङ्रुक र एक किलो बोरोन प्रयोग गर्न नार्कले भनेको छ ।

धानमा मल प्रयोग गर्दा एक तिहाइ मल बिउ रोप्नुअघिको जमिनको अन्तिम तयारीको अवस्थामा, एक तिहाई बाली लगाएको २५ देखि ३० दिनमा र बाँकी बालीको फूल फुल्नुभन्दा अगाडि प्रयोग गर्न किसानहरुलाई सुझाइएको छ । साथै उपलब्ध भएसम्म बालीमा अधिक मात्रामा प्राङ्गरिक मल प्रयोग गर्न वैज्ञानिकहरुले भनेका छन् ।

**मकैका लागि कुन ठाउँमा कति मल प्रयोग गर्ने ?**

नार्कले मकैका लागि तीन तहमा मलको उपायोग सिफारिस गरेको छ । जसअनुसार खुला सेंचित जात, वर्णशंकर जात र सबै जातमा एकै प्रकारको मल मात्रा सिफारिस गरिएको छ । यसअनुसार पूर्वी तराईमा प्रति हेक्टर खुला सेंचित जातमा १३० किलो नाइट्रोजन, ६० किलो फस्फोरस, ४० किलो पोटास सिफारिस गरिएको छ ।

यस्तै वर्णशंकर जातका लागि प्रतिहेक्टर १८० किलो नाइट्रोजन (युरिया), ६० -६० किलो फस्फोरस र पोटास सिफारिस गरिएको छ । यस्तै जिङ्रुक प्रतिहेक्टर २ किलो, बोरोन १.५ किलो र प्राङ्रुगारिक मल १० टन सबै प्रकारका मकै र भूगोलमा बराबर प्रयोग गर्न सकिने नार्कले जनाएको छ । मकैमा मल प्रयोग गर्दा जमिनको तयारीको अवस्थामा फस्फोरस, पोटास, जिङ्रुक सल्फेट र बोरोक्सको पुरै मात्रा र नाइट्रोजन (युरिया)को एक तिहाई मात्र पहिलो चरणमा प्रयोग गर्नुपर्छ । अर्को तिहाइ मल बिरुवाको तीन पाते अवस्थामा पुगेपछि र बाँकी सबै मल १० पाते अवस्थामा हाल्नुपर्ने नार्कको भनाइ छ ।

**गहुँ बालीमा कति ?**

नार्कको सिफारिस अनुसार देशभरका सबै भूगोलमा गहुँ खेती गर्दा प्राङ्रुगारिक मल प्रतिहेक्टर ६ टन मात्रै प्रयोग गरे हुन्छ । यस्तै बोरोन पनि १.५ किलो मात्रै प्रयोग गर्न नार्कले भनेको छ । पोटास र फस्फोरस भने ५० केजी प्रयोग गर्न सिफारिस गरिएको छ । पूर्वी तराईको जिल्लमा नाइट्रोजन (युरिया) १४० किलो, मध्य तराईमा १३० किलो र पश्चिम तराईमा १४० किलो प्रयोग गर्न भनिएको छ ।

यस्तै सदूरपश्चिम तराईमा १२५ किलो, भित्री तराईमा १२० किलो र पहाडमा १०० किलो नाइट्रोजन (युरिया) प्रयोग गर्न नार्कको सिफारिस छ । गहुँमा मल प्रयोग गर्दा एक तिहाई जमिनको अन्तिम अवस्थामा, एक तिहाई बाली लगाएको २५ देखि ३० दिन र बाँकी बालीको फूल खेल्नु भन्दा अघि प्रयोग गर्न नार्कले भनेको छ ।

**माटोको खाद्य तत्व र प्रकारका आधारमा मल प्रयोग**

भूगोल र वस्तुअनुसार फरक फरक मलको मात्रा सिफारिस भए पनि नार्कले माटोको गुण र त्यसमा रहेको खाद्यतत्वको आधारमा मल प्रयोग गर्न सुझाव दिएको छ । जसअनुसार अतिनिम्न सबै प्रकारका माटोमा सिफारिसको १२५ प्रतिशत नाइट्रोजन (युरिया), फोस्फोरस र पोटास प्रयोग गर्न नार्कले भनेको छ । निम्न र मध्यम खाद्यतत्व भएको सबै माटोमा सिफारिसको १०० प्रतिशत मात्रै नाइट्रोजन (युरिया), फोस्फोरस र पोटास प्रयोग गर्न नार्कले भनेको छ ।

यस्तै, असिंचित अवस्थामा सबै प्रकारको माटोमा तोकिएको बालीको ८० प्रतिशत मल प्रयोग गर्न भनिएको छ भने अति अधिक सबै प्रकारका माटोमा सिफारिस २५ प्रतिशत मल प्रयोग गर्न नार्कको सुझाव छ । अधिक खाद्य तत्व भएको चिम्ट्याइलो माटोमा ७५ प्रतिशत नाइट्रोजन (युरिया), ६० प्रतिशत फोस्फोरस र पोटास प्रयोग गर्न भनिएको छ । अधिक खाद्यतत्व भएको खुकुलो माटोमा ८० प्रतिशत नाइट्रोजन (युरिया), ७०-७० प्रतिशत फोस्फोरस र पोटास प्रयोग गर्न नार्कको सुझाव छ । *(स्रोत: अनलाइनखबर)*

# ‘नीरफूल’ले भीम रावललाई सम्झायो नक्कली शरणार्थी प्रकरण



काठमाडौं/यही शुक्रबारबाट प्रदर्शनमा आएको फूलमान वलद्वारा निर्देशित फिल्म ‘नीरफूल’ले नेकपा एमालेका नेता भीम रावललाई नक्कली शरणार्थी प्रकरणको घटनाक्रम सम्झाएको छ । सोमबार काठमाडौंको वान् सिनेमाजमा आयोजित विशेष शोमा उनले फिल्मको कथा भूकम्पले सिर्जित परिस्थितिमा आधारित भएपनि अहिलेको नक्कली भुटानी शरणार्थी प्रकरणलाई पनि ताजा गराएको बताए ।

रावलले भने, ‘फिल्मले एकैचोटीमा धेरै सन्देश दिएको छ । वैदेशिक रोजगारीको नाममा हाम्रो समाज र परिवार कसरी तहसनहस हुँदैछ भन्ने सन्देश फिल्मले दिन्छ । भूकम्पको समयमा जनतालाई सेवा गर्नुपर्ने निकायहरुले कसरी गलत तरिकाले फाइदा उठाउन खोजेका थिए भन्ने कुरालाई यो फिल्मले अगाडि ल्याएको छ । फिल्म हेर्दा मलाई नक्कली भुटानी शरणार्थी प्रकरण सम्झना भयो ।’

अभिनेत्री करिश्मा मानन्धर ‘नीरफूल’लाई अर्गानिक फिल्मको संज्ञा दिन्छिन् । ‘फिल्मको कथा अर्गानिक छ । भूकम्पको पीडा झन्डै हामीले बिर्सिसकेका थियौं । यो फिल्मले ती दिन स्मरण गरायो । भूकम्पपछि दुर्गम क्षेत्रमा कस्तो परिस्थिति थियो भन्ने कुरा फिल्मले देखाएको छ । हाम्रो देशको भौगोलिक परिस्थिति र संस्कृतिलाई प्रस्तुत गरिएको छ । समग्रमा फिल्म राम्रो लाग्यो,’ उनले भनिन् ।

पत्रकार तथा निर्माता ऋषि धमलाले फिल्म हेर्दा आफू भावविह्वल भएको बताए । भूकम्पको बेला नेपालीले भोगेको पीडा फिल्ममा निर्देशकले एकदमै राम्रो तरिकाले उतारेको उल्लेख गर्दै उनले कलाकारहरुको अभिनयको पनि मुक्तकण्ठले प्रशंसा गरे । उनले भने, ‘फिल्ममा वास्तविकता छ । यसमा कुनै किसिमको बनावट छैन । फिल्म हेर्दा म भावविह्वल भएको थिएँ । फिल्म राम्रो छ ।’

गायिका सुनिता दुलालले फिल्म पूर्ण प्याकेजको रहेको बताउँदै कलाकारहरुको अभिनय एकदमै राम्रो लागेको बताइन् । कलाकार पलपसा डंगोलले फिल्म राम्रो रहेको र कथाले मन छोएको प्रतिक्रिया दिइन् । अभिनेता गजित विष्टले फिल्ममा निकै सूक्ष्म तरिकाले काम गरिएको बताए । निर्देशक दिनेश डिसीले फिल्ममा भूकम्पको समयको यथार्थ चित्रण गरेकोमा निर्देशक वलको प्रशंसा गरे ।

भूकम्पका कारण एउटा परिवार छिन्नभिन्न भएको कथा फिल्मले प्रस्तुत भएको छ । त्यसबेला राज्यका अंगहरु कसरी गैरजिम्मेवार भएका थिए भन्ने कुरा पनि फिल्मले देखाएको छ । फिल्ममा दयाहाङ राई, शान्ति वाइवा, बुद्धि तामाङ, पुष्कर गुरुङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरी, जिम्मे छ्योइकी घिसिङको अभिनय रहेको छ । फिल्ममा निर्देशक वल स्वयंको लेखन छ ।

# हिन्दी गीतमा राधा बनिन् अदिती





काठमाडौं/अभिनेत्री अदिती बुढाथोकी नेपाली फिल्मसँगै बलिउडमा पनि आफूलाई स्थापित गर्न संघर्षरत छिन् । ‘कृ’ र ‘बाबरी’ गरी दुईवटा नेपाली फिल्ममा काम गरिसकेकी उनको सपना अब बलिउड फिल्ममा प्रवेश गर्ने हो । त्यसका लागि उनले म्यूजिक भिडियो र वेब सिरिजबाट आफूलाई चिनाउने र निखार्ने काम गरिरहेकी छन् । अहिले उनी हिन्दी वेब सिरिज ‘म्यूजिक’को सुटिङमा व्यस्त छिन् ।

उनले हिन्दी र पञ्जाबी गीतको म्यूजिक भिडियोमा भने धेरै काम गरिसकेकी छन् । यसबीच, उनी अभिनीत नयाँ हिन्दी गीत ‘कृष्ण तेरी हो गई’ सार्वजनिक भएको छ । जसमा उनी भगवान् कृष्णको भक्तको रुपमा प्रस्तुत छिन् । भिडियोको अन्तिममा भने राधाको रुपमा उनलाई चित्रण गरिएको छ । भगवान् कृष्णको काँधमा शिर राखेर बाँसुरीको धुनमा उनी मन्त्रमुग्ध अवस्थामा चित्रित छन् ।

भिडियो उनीमा नै केन्द्रित छ । परिवारसँग इंग्ल्यान्डमा बस्ने गरेकी उनी एक दिन भगवान् कृष्णले बोलाएको भन्दै भारत आउँछिन् । त्यसपछि कृष्णको पूजा-आराधना र ध्यानमा लिप्त हुन्छिन् । भिडियो फिल्मी शैलीमा तयार छ । एक दृश्यमा केही एन्टागोनिस्ट पात्रहरुले अदितीलाई अपहरण गरेर यौन शोषण गर्न खोज्छन् । त्यसबेला भगवान् कृष्ण प्रकट भएर बचाएको दृश्य समावेश छ ।

भारतकी चर्चित गायिका असीस कौरको स्वरबद्ध गीतमा जानीको शब्द रचना, गौरव देव र कार्तिक देवको संगीत छ । भिडियोमा किन्शुक वैद्य भगवान् कृष्णको भूमिकामा छन् । गीतले युट्युबमा राम्रो भ्यूज पाएको छ । अदितीले गीतको क्लिप्स फेसबुकमा सेअर गर्दै छायांकनको बेला रमाइलो भएको उल्लेख गरेकी छन् । उनी चाँडै नेपाल फर्किएर फिल्म ‘बाबरी २’मा काम गर्दैछिन् ।

# ‘डिसेम्बर फल्स’का निर्माताले लिए ‘गणपति’को सर्वाधिकार

काठमाडौं/फिल्म ‘गणपति’को सर्वाधिकार (पूर्ण प्रभुत्व) ‘डिसेम्बर फल्स’का निर्माता रामप्रसाद रिजालले लिएका छन् । एबिगम्यान फिल्म्सले रिजालको कम्पनी रिजाल एण्ड रिजाल प्रोडक्सनलाई फिल्मको सर्वाधिकार दिएको हो । योसँगै जनै पूर्णिमाको अवसरमा आगामी भदौ १४ गतेबाट फिल्म प्रदर्शनमा आउने भएको छ । यस अगाडि जेठ ५ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको थियो ।

आस्थाको रुपमा रहेका भगवान् र भौतिक रुपमै पृथ्वीमा उपस्थित मानिसबीचको फरक देखाउने फिल्ममा मुकुन भुषाल र मेनुका प्रधान मुख्य भूमिकामा छन् । स्वर्गीय जयनन्द लामा, कविता न्यौपाने, सूर्यमाला खनाल, प्रकाश घिमिरे, राजाराम पौडेल, पुष्कर गुरुङ, अंशु मानन्धर, कालु राना, टीका भक्त जिरेल, देवेन्द्र बब्लु, शुशील पोखरेल लगायतको पनि फिल्ममा अभिनय रहेको छ ।

सविन अधिकारीको लेखन तथा निर्देशन रहेको फिल्मको निर्मातामा लक्ष्मण रिजाल छन् भने कार्यकारी निर्मातामा विज्ञान केसी र अरविन्द्र गिरी छन् । निर्देशक अधिकारीले फिल्मले नेपाली समाजको वास्तविक चरित्रचित्रण गर्ने बताए । श्रीराम बालाजी फिल्म्सले वितरण गर्ने फिल्ममा हरिबहादुर घलेको छायांकन, अनिस अधिकारीको शब्द तथा संगीत, देवेन्द्र बब्लु र अनिस स्वयंको स्वर छ ।

# पहिलो पटक मलेसियाबाट भैरहवामा नेपाल एयरलाइन्सको व्यावसायिक उडान

काठमाडौं/गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको १३ महिनापछि नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले व्यावसायिक उडान सुरु गरेको छ ।

मंगलबार बिहान ९:४५ बजे निगमको एक सय ५८ सिट क्षमताको न्यारोबडी जहाज मलेसियाको राजधानी क्वालालम्पुरबाट भैरहवा स्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको हो ।

मलेसियाबाट ९० यात्रु बोकेर आएको राष्ट्रिय ध्वजावाहक जहाज भैरहवास्थित विमानस्थलमा ३१ जना यात्रु ओरालेर काठमाडौंका लागि उडान भरेको नेपाल वायु सेवा निगमका सहप्रवक्ता गणेश कुमार घिमिरेले जानकारी दिए । मलेसियामा रोजगारी गरी फर्केका र मलेसियाका पर्यटन व्यवसायीहरु भैरहवा विमानस्थलमा ओर्लिएको सहप्रवक्ता घिमिरेको भनाइ छ ।

भैरहवास्थित यस विमानस्थलमा नेपाल वायुसेवा निगमको पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान भएकाले यात्रुहरुलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र राज्यमन्त्री सुशीला शिर्पालीले विमानस्थलमा स्वागत गरे । राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइनसको गौतमबुद्ध विमानस्थलमा व्यावसायिक उडानको शुभारम्भ गर्दै पर्यटन मन्त्री सुदन किरातीले यसको निरन्तरता चुनौतीपूर्ण भएको बताए ।

उनले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को विशेष निर्देशनमा व्यावसायिक उडान सुरु भएकाले यसको नियमितताका लागि सरकारी तथा निजी क्षेत्र सबै लाग्नुपर्ने बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री सुशीला सिर्पालीले लुम्बिनी प्रदेशको पहिचान, धरोहर, बुद्धलाई अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यले विमानस्थल निर्माण भएकाले यसको नियमित व्यावसायिक सञ्चालनमा सरकारको जोड रहेको बताइन् ।

कार्यक्रममा पूर्वमन्त्री तथा रुपन्देही क्षेत्र नं ३ का संघीय सांसद दीपक बोहोराले राष्ट्रिय ध्वजावाहक जहाजले व्यावसायिक उडान सुरु गर्दा गौतमबुद्ध विमानस्थलको प्रभावकारी सञ्चालन हुनेमा आशा पलाएको बताए ।

मन्त्रालयका सचिव सुरेश अधिकारीले मलेसिया उडानको सुरुआत हुनु महत्वपूर्ण उपलब्धि रहेको बताए ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगममा जहाज थपिएपछि व्यावसायिकरूपले नियमित उडान गर्न सकिने बताए । *(स्रोत: रातोपाटी)*

# सावित्राले युरोपियन क्लबमा खेल्ने

काठमाडौं/नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी गोलमेसिन सावित्रा भण्डारी साम्बाले युरोपेली क्लबबाट खेल्ने भएकी छन् । नेपाली टिमकी फरवार्ड सावित्रा इजरायलको क्लब हापोएल रानानाबाट त्यहाँको लिग खेल्नका लागि अनुबन्ध भएकी हुन् ।

क्लबले मंगलबार सामाजिक सञ्जालमार्फत सावित्रासँग सम्झौता भएको जनाएको छ । एसियाली भूमिमा पर्ने भए पनि इजरायल युरोपेली महादेशको फुटबल महासंघमा सदस्य छ । नेपाल मात्र नभएर दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये एक रहेकी सावित्राले लामो समयदेखि युरोपमा खेल्ने सपना राखेकी थिइन् र त्यसका लागि उपयुक्त अवसरको खोजीमा थिइन् ।

अहिले आएर त्यो सपना पूरा हुने बाटोमा रहेको उनले बताइन् । ‘यो मेरो लागि र नेपाली महिला फुटबलकै खुशीको कुरा हो । एकदमै राम्रो लागेको छ’, सावित्राले भनिन्, ‘पहिलेदेखिनै एउटा सपना थियो । अहिले त्यो सपनाको बाटोमा छु । पाइला चालिहरेको छु । सपना पूरा हुन बाँकी छ ।’

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/०२/३० मा जारी भएको नामसारीको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला मकवानपुर, साविक हाँडिखोला गाविस वडा नम्बर ५ को कि.नं. ३८४, ३७६, २१३९ र २१४१ को क्षेत्रफल क्रमश ज.जि.०-४-७.५, ०-०-७, ०-२-१६ र ०-१-३ को जग्गाधनी ज्ञान बहादुर थिङको मिति २०७६/१०/२३ मा मृत्यु भएको, जग्गाधनीको २ पत्नीहरु भएकोमा जेठी पत्नी सुकु माया थिङको मिति २०५८/०३/०५ मा मृत्यू भएको निज जेठी पत्नी तर्फका ३ छोराहरु रहेको र कान्छी पत्नी ठुली माया थिङ रहि हाल उल्लेखित जग्गाको ४ जना हकदारहरु रहेकोमा उल्लेखित जग्गा प्रेम बहादुर थिङ र ठुली माया थिङको नाममा संयुक्त नामसारी गराईपाउँ भनि निवेदकहरुले मनहरी गाउँपालिका २ नम्बर वडा कार्यालयको च.नं. ९८४मिति २०८०/०२/१७ को सिफारिस, नाता प्रमाणित, वडा सर्जमिन मुचुल्का समेत संलग्न राखि मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको मृत्यू भएको देखिएको, जग्गाधनीको कान्छी पत्नी ठुलीमाया थिङको नागरिकतामा पतिको नाम खडक बहादुर थिङ भई जग्गाधनी र निवेदकको पति फरक फरक देखिएकोले फरक फरक नाम/थर को सम्बन्धमा, जग्गाको हकभोग, जग्गाधनीको पालनपोषण तथा जग्गाधनीको अन्य हकदारहरुको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नू भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा ठुलीमाया थिङ ज्ञान बहादुर थिङको पत्नी नभए वा जग्गाधनीको अन्य कोहि हकदारहरु पनि भए वा जग्गाधनीको पालनपोषण र सदगद अरुलेनै गरेको भए वा जग्गामा अन्य कोहि कसैको हकभोग भए वा उल्लेखित जग्गा निवेदकहरुको नाममा नामसारी गर्दा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०८० साल जेष्ठ महिनाको ३० गते रोज ०३ शुभम ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

“तपाईं, हामी सबैको कुरा”

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ।
www.sajhakuranews.com

# सहकारी समस्या निराकरण खोज्दै प्रदेशस्तरीय गोष्ठी




साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेशमा सहकारी क्षेत्रमा देखिएका समस्या निराकरणका लागि प्रदेशस्तरीय अन्तक्रिया गोष्ठी आयोजना गरिएको छ ।

गोष्ठीमा सहकारीमा देखिएको समस्याहरु समाधान गर्न सरकार र सरोकारवाला पक्ष लाग्नु पर्नेमा जोड दिइएको छ । बागमती प्रदेश सहकारी विकास बोर्डको आयोजनामा भएको कार्यक्रममा आर्थिक संकटको समस्या सहकारीमा देखिएका विकरला समस्या र समाधानका उपायका विषयमा गहन रुपमा छलफल गरिएको छ । गोष्ठीको उद्घाटन गर्दै प्रदेशका पर्यटन उद्योग तथा सहकारीमन्त्री पुकार महर्जनले सहकारीमा देखिएको समस्यालाई समाधान गर्नेतर्फ सबै एकजुट भएर लाग्नुपर्ने बताए । सहकारीलाई उत्पादनसँग जोड्नुपर्ने उनको धारणा छ ।

कार्यक्रममा प्रदेशका १३ जिल्लाका सहकारी संघका अध्यक्ष तथा प्रतिनिधिका साथै जिल्लामा रहेका विषयगत सहकारी संघहरुको अध्यक्ष एंव प्रतिनिधिको सहभागिता रहेको छ । गोष्ठी बुधबार हेटौंडाबाट घोषणापत्र जारी गरेर समापन हुनेछ । प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालका अध्यक्ष मिनराज कंडेलले सहकारी क्षेत्रमा देखिएको समस्या र निराकरणका लागि सरोकारवालाको भूमिका र छाता संघहरुको दायित्व विषयक आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेतीले गरिबी न्यूनीकरण तथा सदस्यहरुको आर्थिक उन्नतिमा सहकारीको भूमिका विषयक कार्यपत्र प्रस्तुत गरे । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौड्यालले बचत सहकारीमा देखिएका समस्या र त्यसको समाधान उपायका लागि सरकार र अभियानको भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । बोर्डका कार्यकारी उपाध्यक्ष देवकोटाले गोष्ठीको उद्देश्य र प्रदेश सहकारी बोर्डले सम्पादन गर्ने कामहरुबारे आफ्नो प्रस्तुती दिए ।

कार्यक्रममा मन्त्रालयका सचिव गोविन्दप्रसाद रिजाल, सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष एंव संविधान सभा सदस्य ओमदेवी मल्ल, नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेमराज पाठक, नेफ्स्कुनका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, प्रदेश सहकारी संघको अध्यक्ष रामशरण घिमिरेलगायतले मन्तव्य व्यक्त गरेका थिए । प्रदेश सहकारी रजिष्ट्रार राधाकृष्ण खतिवडा, केन्द्रीय दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष कृष्णप्रसाद सापकोटा, सहकारी महासंघका पूर्वसञ्चालक बद्रीप्रसाद लम्सालगायतको आतिथ्यता थियो ।

# दुर्घटनापछि ट्रकमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/जिल्लाको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकामा दुर्घटनापछि ट्रकमा आगलागी भएको छ । बकैया-५ तिनतल्लेमा हेटौंडाबाट सिन्धुलीतर्फ जाँदै गरेको ना ७ ख ५०४५ नम्बरको सिमेन्ट बोकेको ट्रक दुर्घटनामा परेको हो ।

इन्जिनमा समस्या भएर नालीमा खसेको ट्रकमा आगलागी भएको अस्थायी प्रहरी प्रहरी पोष्ट गरगरे बकैयाका प्रहरी सहायक निरीक्षक रामशंकर यादवले जानकारी दिए । मदन भण्डारी राजमार्गको हेटौंडा-सिन्धुली सडकखण्डको तिनतल्लेमा जेठ २९ गते राती ११ बजेको समयमा भएको ट्रक दुर्घटना हुँदा लागेको आगो हेटौंडा उपमहानगरपालिकाको दमकल तथा प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको मकवानपुर प्रहरीले जनाएको छ । आगलागीबाट ट्रकको अगाडिको भाग र केही सिमेन्ट नष्ट भएको बताइएको छ ।

यसैगरी, हेटौंडा उपमहा नगरपालिका-८ कमानेस्थित कर्नावती मार्गमा दुई वटा मोटरसाइकल ठोक्किँदा चार जना घाइते भएका छन् । क्याम्पाडाँडाबाट मिलन चोकतर्फ जाँदै गरेको बा.प्र प्र.०३-००३ प ९२९४ नम्बरको मोटर साइकल र विपरित दिशाबाट आउँदै गरेको ना २५ प २७६५ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाँदा चार जना घाइते भएका हुन् । घाइते मध्ये ३ जना हेटौंडा अस्पतालमा र एक जनाको भरतपुर अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# महिलालाई रोजगारीमा जोडिन तालिम

हेटौंडा, ३० जेठ/ रोजगारीको अभाबमा रहेका महिलालाईं रोजगारीमा ल्याउँदै आर्यआर्जनमा जोड्नका लागि हेटौंडामा सञ्चालन भएको बिभिन्न तालिमको समापन भएको छ । हेटौंडा उपमहानगर पालिकाको सहयोगमा गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम (मेडपा) सञ्चालन गरेको बरफ, वेकरी र धुप बनाउँने तालिमको हेटौंडा उपमहा नगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले समापन गरेकी हुन् ।

तालिमको समापन गर्दै नगरप्रमुख लामाले सिकेको सीपलाई निरन्तरता दिर्दै आयआर्जनमा जोडिन सुझाब दिइन् । उनले सीपले मानिसलाई आत्मनिर्भर बनाउँने भन्दै काम गर्ने क्रममा अहसज अवस्था आए उपमहानगर सहयोग गर्न तयार रहेको बताइन् । उनले भनिन् 'काम सुरु गरेसँगै तालिमको औचित्य पुष्टि हुन्छ ।' तालिमले मानिसलाई तिखर्दै लैजाने भन्दै नगरप्रमुख लामाले अहिले सिकेको सीपलाई व्यवहारमा उतार्दै लगेपछि फेरि आवश्यक तालिमको व्यवस्थापन उपमहानगरले गर्ने बताइन् ।

तालिममा बरफ तथा बेकरी सम्बन्धी सन्दीप न्यौपाने र धुपको बारेमा रीता श्रेष्ठले प्रशिक्षण दिएका थिए । सहभागीले तालिम लिएपनि प्रयाप्त सिक्न र बनाउँने तरिकाबारे जानकारी लिन नपाएको गुनासो गरेका थिए । उनीहरुले तालिमलाई थप प्रयोगात्मक बनाउनका लागि प्रशिक्षण थप्न जरुरी रहेको बताए । समापनमा हेटौंडा उपमहानगरका कानुनी सल्लाहकार ईश्वराज ढकाल, उपमहानगरका उद्योग तथा सहकारी शाखाका प्रमुख हिमप्रसाद पौडेल लगायतको आतिथ्यता रहेको थियो ।

# प्रधानमन्त्री प्रचण्डसँग भेटे मनहरीबासीले

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/लामो समयदेखि भोगचलन गरेको जग्गाको लालपूर्जा कहिले पाइएला भनेर कुरि रहेका मनहरीबासी अन्ततः प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भेट्न काठमाडौं पगेको छन् । जग्गाको भोगचलन गरेको दशकौं भईसक्दा पनि ऐलानी जग्गा नापी नभएको भन्दै भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबास संघर्ष समितिले चरणबद्द आन्दोलनको कार्यक्रम गरेकोछ ।

सोही क्रममा मकवानपुरका दुई प्रतिनिधिसभा सदस्य दीपक सिंह र महेश बर्तौलालाई साथमा लिएर समिति नेपाल सरकारका प्रधानमन्त्री प्रचण्ड भेट्न काठमाडौं पुगेको हो । समितिको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री प्रचण्डले यो मुद्दालाई गम्भीर रुपले हेरेको र चाँडो भन्दा चाँडो समाधान गर्नेतर्फ नेपाल सरकार लागिपर्ने आश्वासन दिएको समितिका अध्यक्ष क्षेत्रबहादुर मुक्तानले बताए । साथै प्रधानमन्त्रीसँगको भेटपश्चात् आफूहरुको माग सम्बोधन हुनेमा बिश्वस्त रहेको उनले बताए ।

संघर्ष समितिको अगुवाईमा दुईजना संघीय सांसद, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, राजनैतिक दलका नेतृत्व, निबर्तमान मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, मनहरी गाउँपालिका ६ र ७ नम्बर वडाका वडाअध्यक्ष र संघर्ष समितिका पदाधिकारीको सहभागिता रहेको थियो ।

# शान्तिदीपका महिलालाई बेहुली श्रृंगार तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ अन्तर्गत् शान्तिदीप टोल विकास संस्था जरुवाटोल क्षेत्रका १५ जना महिलालाई बेहुली श्रृंगारसम्बन्धी तालिम प्रदान गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको आर्थिक वर्ष २०७९/८० को महिलालक्षित कार्यक्रमअन्तर्गत् बजेटबाट महिलालाई बेहुली श्रृंगार सम्बन्धी तालिम दिइएको हो । महिलाहरुलाई स्वरोजगार हुन सघाउने उद्देश्यले आयोजित तालिमको मंगलबार एक कार्यक्रमबीच समापन गरिएको छ । कार्यक्रम संयोजन गर्ने संस्था शान्तिदीप टोल विकास संस्थाकी अध्यक्ष बिमला पौडेलको सभाध्यक्षता तथा वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा




तालिम समापन भएको हो ।

तालिम समापन गर्दै वडा अध्यक्ष न्यौपानेले पछिल्लो समय बेहुली श्रृंगारमा हजारौं खर्चने क्रम बढ्दै गएको भन्दै यसलाई घरायसी प्रयोजन र व्यावसायिक दुवैरुपमा प्रयोग गर्न सकिने बताए । उनले सिकेको सीपलाई व्यवहारमा उतार्न सुझाव दिँदै महिलाहरुलाई स्वरोजगार बनाउन सक्दो सहयोग गर्ने बताए ।

तालिम समापन कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाइली, वडा सदस्य रामकृष्ण अधिकारी, वडा सचिव शान्तादेवी लौडारी, प्रशिक्षक जुनु लामा, प्रशिक्षार्थी स्वस्तिका भट्टराई र सरस्वती तिमल्सिनालगायतले तालिमबाट सिकेका सीपलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका थिए ।

# हेटौंडा-१ का २० जना महिलालाई अचार बनाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ हेटौंडा उपमहानगरपालिका वडा नं. १ का २० जना महिलालाई अचार बनाउने सम्बन्धी तालिम प्रदान गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका वडा नं. १ को आर्थिक वर्ष २०७९/८० को महिला लक्षित कार्यक्रम अन्तर्गत् ८५ हजार रुपियाँ बजेटबाट २० जना महिलालाई अचार बनाउने तालिम दिइएको हो । तालिममा मेथी, करेला, चिकेन र मिक्स अचार गरी चार थरिको अचार बनाउन सिकाइएको प्रशिक्षक विनिता पौडेलले जानकारी दिइन् ।

महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले आयोजित तालिमको मंगलबार एक कार्यक्रमबीच समापन गरिएको छ । कार्यक्रम संयोजन गर्ने संस्था आश्रय नेपालकी अध्यक्ष दुर्गा घोरासाइनीको सभाध्यक्षता तथा वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा तालिम समापन भएको हो ।

तालिम समापन गर्दै वडा अध्यक्ष न्यौपानेले पछिल्लो समय अचार खाने प्रचलन बढ्दै गएकोले यसलाई व्यवसायिकरुपमा उत्पादन गर्न सके स्वरोजगार हुन सकिने बताए । उनले सिकेको सीपलाई व्यवहारमा उतार्न सुझाव दिँदै महिलाहरुलाई स्वरोजगार बनाउन सक्दो सहयोग गर्ने बताए ।

कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाइली, वडा सदस्य रामकृष्ण अधिकारी, वडा सचिव शान्तादेवी लौडारी, प्रशिक्षक विनिता पौडेल, बाल क्लब वडा सञ्जाल अध्यक्ष आयुष्मा अर्जेल, प्रशिक्षार्थी प्रविना श्रेष्ठ बज्राचार्यलगायतले तालिमको महत्व र महिला स्वरोजगारको विषय धारणा व्यक्त गरेका थिए ।

# विरुवा रोपेको १० दिनमै काउली फूल्यो !

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ थाहानगरका किसानले बारीमा रोपेको १० दिनमै काउली फूलेको छ । थाहा नगरपाकिला ३ शिखर कोटकी किसान रुकु रायमाझीले करिब एक रोपनीमा लगाउनु भएको काउली रोपेको १० दिनमै फूली सबै विग्रिएको हो ।

काउली विग्रिए पछि बीउबिजन, मलजलसँगै खेतीमा गरेको लगानी खेर गएकोमा किसानलाई चिन्ता थपिएको छ । काउली रोपेर फलाई केही कमाउने आशा सहित बल्लतल्ल जोहो गरेको मलजल हाली दुख गरेर लगाएको बाली विग्रदा रायमाझीलाई चिन्ता त छदै छ । यसको जिम्मेवारी कसको हुने ? भन्ने प्रश्नको उत्तर पनि खोजिरहेकी छन् । उनी भन्छिन्-'दुख गरेर खेती गर्ने किसानलाई न्याय कसले दिन्छ ? दोषी पहिचान हुन्छ कि हुँदैन र कार्बाही हुन्छ कि हुँदैन ? मलाई न्याय दिनु पऱ्यो ।'

रायमाझीले बीउका कारण हो कि भनी बीउ किनेको पसलमा कुरा पनि गरिन् तर, पसलबाट बीउका कारण त्यस्तो नभएको उत्तर पाइन् । के कारणले काउली फूल्यो ? चित्बुझ्दो उत्तर भने अझै पाएकी छैनन् । थाहामा यस्तो भएको यो नौलो होइन । यस अघि पनि पटकपटक बीउबिजनका कारण किसानले लगाएको बाली बिग्रिएको छ । तर, किसानले न्याय कहिल्यै पाएका छैनन् ।

**बुढो बेर्ना, गाँठे रोग र प्रतिकूल मौसमको कारण काउली १० दिनमै फूल्यो-कृषि प्राविधिक**

थाहा नगरपालिका वडा नं ३ शिखरकोटकी किसान रुकु रायमाझीले लगाएको काउलीको बिरुवा १० दिनमा काउली फूल्यो भन्ने समाचार आएपछि थाहा नगर पालिका कृषि शाखाले छानवीन गरेको छ ।

गुनासोको छानवीन गर्न भनी थाहा नगरपालिका कृषि विकास शाखाबाट जेष्ठ ३० गते कृषि अधिकृत विकास विक, प्रा.स. बालकुमारी भट्टराई, ना.प्रा.स. राजकुमार श्रेष्ठ र वडा प्राविधिकहरु रोहिणी स्याङ्तान र विनिता विष्ट सहितको टोलीले स्थलगत निरीक्षण गरेको कृषि शाखाले जानकारी दिएको छ ।

नगर कृषि शाखाबाट निरीक्षणको क्रममा कृषकसँग सोधपुछ गरी बुझ्दा कृषकले ह्वाईट टप (अगौटे) जातको काउली लगाएको पाइएको र त्यहाँ देखिएका केही समस्याहरुमा ६० दिने ह्वाईट टप काउलीको बेर्नालाई १ महिना भन्दा बढी बुढो बेर्ना सारेकोले समस्या आएको कृषि अधिकृत विकास विकले बताए । अधिकृत विककाअनुसार बीउ राख्ने, उमार्ने, ब्याडमा नै गाँठे रोगको सँक्रमण रहेको र केही समयदेखि लगातारको खडेरी र उच्च तापक्रमको प्रभावका कारण बिरुवा बढ्न नसकेको र अहिलेको बाली भन्दा अघि गँहु लगाएको तथा पर्याप्त मलखाद पनि नपुगेको हुँदा यस्तो समस्या आयको बताउदै पूजा एग्रोभेटबाट खरिद गरी ल्याएको बीउमा रहेको यथार्थ संकेतपत्रअनुसार बीउ म्याद ननाघेको र उमारशक्ति पनि सहि रहेको बताए ।

कृषि अधिकृत (कृषि स्नात्तक) विकास विकले कृषकले पनि सम्बन्धित वडा कृषि प्राविधिकमार्फत वा प्रत्यक्षरुपमा नगरको कृषि विकास शाखाबाट आफ्ना खेतबारीमा विद्यमान प्राविधिक समस्याबारे सल्लाह लिन आग्रह गर्दै हाल कृषकको फिल्ड अनुगमनबाट समस्या यकिन गरी सुझाव दिदै आएको जानकारी गराए । कृषि विकास अधिकृत सँजय तिवारीले आगामी दिनमा थाहा नगरभित्र प्राविधिक सेवा तथा अनुदानका कार्यक्रमलाई सर्वहारा कृषक वर्गलाई सम्बोधन गर्ने र सहज बनाउन लागिपरिरहेको बताए ।

# आश्रममा बसेका र सीमान्तकृतको बीमा

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेश सरकारले प्रदेशभित्र आश्रममा रहेका र सीमान्तकृत समुदायका सबै व्यक्तिको स्वास्थ्य बीमा गरिदिने भएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयले यो समूहको स्वास्थ्य बीमा गर्ने गरी काम अगाडि बढाएको जानकारी दिएको छ । ज्येष्ठ नागरिक, अनाथ, बालगृहलगायतका आश्रममा रहेकाको पहिचान गरी स्वास्थ्य बीमाबापत लाग्ने खर्च प्रदेश सरकारले नै बेहोर्ने भएको स्वास्थ्यमन्त्री उत्तम जोशीले जानकारी दिए । स्वास्थ्यमन्त्री जोशीले हेटौंडामा मुख्य कार्यालय रहेको मानवसेवा आश्रमबाट स्वास्थ्य बीमा गर्ने कार्यको शुभारम्भ गरिने बताए ।

मानवसेवा आश्रममा हेटौंडामा २ सय १५, चितवन ६०, काठमाडौंमा १ सय २८, भक्तपुर ४०, ललितपुरमा ४४ गरी ५ सय ८७ जना आश्रित रहेको जनाइएको छ ।

**घर जग्गा बिक्रीमा**

हेटौंडा-४, हुप्रचौरमा रहेको ४ कोठे घर सहितको ९ धुर जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८५१०४०५३५**

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडा-४, अजरअमर रोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विदेश जानु पर्ने भएकोले बिक्रीमा रहेको छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८६८८२८६३८**

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन् तथा संकलनमा रोक लगाएकोसम्बन्धी सूचना**


हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८० साल असार १ गतेदेखि २०८० साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्न निषेध गरेको हुँदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारबाही गरी नदीजन्य पदार्थ जफतसमेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

राजश्व प्रशासन शाखा
**हेटौंडा उपमहानगरपालिका**

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. :
९८४५५३९५६३, ९८१५२२४३४३

**हेटौंडा क्याम्पस, हेटौंडा**
सेवा समितिको कार्यालय
विज्ञापन नं. ०१८-२०७९/०८० (आन्तरिक प्रतियोगिता)
*प्रथम पटक प्रकाशित मिति : २०८०/०२/३१ गते*

यस हेटौंडा क्याम्पस, हेटौंडाको निमित्त निम्न लिखित विषयको शैक्षिक पद आन्तरिक प्रतियोगिताद्धारा पूर्णकालीन स्थायी सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०८० श्रावण २ गते साँझ ६ बजे भित्र (दोब्बर दस्तुर तिरेर २०८० श्रावण ९ गते साँझ ६ बजेसम्म)हेटौंडा क्याम्पस हेटौंडाको सेवा समितिको कार्यालय(प्रशासन शाखा)मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखाबाट रु.५००/( तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारबाही हुने छैन । आवेदन फारम साथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बिल र आवश्यक कागजातहरूको २/२ प्रति प्रतिलिपिहरू पेस गर्नु पर्नेछ ।

**क) पद सम्बन्धी व्यवस्था:**

अ) विषय : वित्तशास्त्र
पद : **सहायक प्राध्यापक, स्थायी**
तलब : त्रि.वि.को प्रचलित नियम बमोजिम
किसिम : आन्तरिक
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
पद सङ्ख्या : १ (एक)
आवेदन दस्तुर : रु.३२००/( (अक्षरेपी तीनहजार दुई सय मात्र ।)

**आ) पद : कार्यालय सहायक**
तलब : त्रि.वि.को प्रचलित नियम बमोजिम
किसिम : आन्तरिक
परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
पद सङ्ख्या : १ (एक)
आवेदन दस्तुर : रु.२०००/- (अक्षरेपी दुईहजार मात्र ।)

**ख) आवश्यक कागजातहरू:**

**शिक्षकको हकमा,**
१. प्रवेशिका देखि माथिका सवै शैक्षिक योग्यताको लब्धाङ्पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२. अनुभवको पत्र: त्रि.वि.का आंगिक क्याम्पस वा सामुदायीक क्याम्पसहरुमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन साथ पेश गर्नु पर्नेछ ।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. व्यक्तिगत विवरण (वायोडाटा) २ प्रति ।
६. प्रकाशित अनुसन्धानात्मक कृतिहरू(विज्ञापन प्रकाशित हुनु भन्दा अगाडि प्रकाशित भैसकेको सम्वन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।

**कर्मचारीको हकमा,**
१. प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्कपत्र र प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु ।
२. हालसालै खिचिएको पासपोर्ट साइजको प्रमाणित प्रतिलिपि ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।

**ग) उम्मेदवार हुन नपाउने व्यवस्था :**
देहायको अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन :
१. भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।
२. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।
३. गैर नेपाली नागरिक ।
४. विज्ञापन प्रकाशित भएको मितिसम्म शिक्षक/कर्मचारीतर्फ ४५ वर्ष नाघेको व्यक्ति ।

**पुनश्च :**
१. उल्लेखित पदहरुको परीक्षाका लागि त्रि.वि.ले प्रकाशन गरेको पाठ्यक्रममा क्याम्पस सेवा समितिले स्वीकृत गरेको पाठ्यक्रम लागु हुनेछ ।
२. उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटी हुन गएमा सो सच्याउने अधिकार क्याम्पस सेवा समितिमा सुरक्षित हुनेछ ।

सदस्य सचिव
क्याम्पस सेवा समिति
**हेटौंडा क्याम्पस, हेटौंडा**
फोन नं. : ०५७(५२६७३७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना